# बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेड
# BENI HYDROPOWER PROJECT LIMITED

का.म.न.पा. वडा नं. ०५, काठमाडौं। फोन नं.: ९७७-०१-४५१११५३
वेबसाइट : www.benihydro.com.np, इमेल : info.benihydro@gmail.com

## आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहिरहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेडले आफ्नो जारी पूँजी रु. १,०४,००,००,०००/- (एक अर्ब चार करोड मात्र) को २०% अर्थात २०,८०,००० कित्ता साधारण शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशनको लागि छुट्टाइएको र सो मध्ये जारी पूँजीको १०% अर्थात रु. १०,४०,००,०००/- (दश करोड चालीस लाख रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १०,४०,००० कित्ता साधारण शेयर मध्ये आयोजनाको अति प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाको हाल सोलुदुधकुण्ड नगरपालिका वडा नं २, ३ र ४ का स्थायी बासिन्दाहरुलाई ५,२०,००० कित्ता (५०%) शेयर, आयोजनाको प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाको हाल सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५, ६, ७ र ११ का स्थायी बासिन्दाहरुलाई ३,१२,००० कित्ता (३०%) शेयर र उक्त आयोजनाको न्यून प्रभावित क्षेत्र अर्थात् आयोजनाको अति प्रभावित र प्रभावित क्षेत्र बाहेकको सोलुखुम्बु जिल्लाका अन्य क्षेत्रहरुका स्थायी बासिन्दाहरुका लागि बाँकी २,०८,००० कित्ता (२०%) शेयर निष्काशन गरी बिक्री वितरण गरिने छ। साथै, सर्वसाधारणलाई निष्काशन गरिने जारी पूँजीको १०% अर्थात रु. १०,४०,००,०००/- (दश करोड चालीस लाख रुपैयाँ मात्र) रकम बराबरको रु. १००/- अंकित दरका १०,४०,००० कित्ता शेयर मध्ये १,०४,००० कित्ता साधारण शेयर वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि **आज मिति २०८२ चैत्र ०१ गते आइतबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि | |
|---|---|
| दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या : | १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : | १०,००० कित्ता |

| वैदेशिक रोजगारीमा रहिरहेका नेपालीहरुका लागि | |
|---|---|
| दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या : | १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्याः | १०,००० कित्ता |

**दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले**

| क्र.सं. | विवरणपत्र हेर्न र प्राप्त गर्न सकिने स्थान | वेबसाइट |
|---|---|---|
| १ | एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं। | www.nmbcl.com.np |
| २ | बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेड, काठमाडौं महानगरपालिका वडा नं. ०५। | www.benihydro.com.np |

साथै, नेपाल धितोपत्र बोर्डको वेबसाइट : www.sebon.gov.np बाट समेत यस निष्काशनको स्वीकृत विवरणपत्र हेर्न सकिनेछ।

**दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :**

**१) आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानिय बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

| क्र.सं. | विवरण |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्य प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु |
| २ | एनएमबि बैंक लिमिटेड, सल्लेरी शाखा, सोलुखुम्बु |
| ३ | लक्ष्मी सनराइज बैंक लिमिटेड, सल्लेरी शाखा, सोलुखुम्बु |
| ४ | ग्लोबल आइएमई बैंक लिमिटेड, सोलुखुम्बु शाखा |
| ५ | प्राइम कमर्सियल बैंक लिमिटेड, नेचा सल्यान शाखा, सोलुखुम्बु |

आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाका स्थानीय बासिन्दाले तोकिएको संकलन केन्द्र मार्फत भौतिक रुपमा शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु. २/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ। आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम एनएमबि क्यापिटल लिमिटेडको वेबसाइट www.nmbcl.com.np बाट समेत डाउनलोड गर्न सकिन्छ।

**२) वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

| आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि साधारण शेयरको विक्री खुल्ला अबधि | |
|---|---|
| निष्काशन खुल्ला मिति : | २०८२/१२/०१ |
| निष्काशन बन्द हुने मिति (छिटोमा) : | २०८२/१२/१५ (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) : | २०८२/१२/३० (बैंकिङ्ग समय पश्चात) |

| वैदेशिक रोजगारीमा रहिरहेका नेपालीहरुका लागि साधारण शेयरको विक्री खुल्ला अबधि | |
|---|---|
| निष्काशन खुल्ला मितिः | २०८२/१२/०१ |
| निष्काशन बन्द हुने मिति (छिटोमा) : | २०८२/१२/०५ (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति ढिलोमा) : | २०८२/१२/१५ (बैंकिङ्ग समय पश्चात्) |

**कम्पनीको संक्षिप्त वित्तीय विवरण :**

| विवरण | वास्तविक | | | अपरिष्कृत २०८२ पौष मसान्तसम्म* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९६.७० | ७२.५६ | ९१.२७ | ११२.४३ | १०८.८७ | १२५.३६ | १४४.६८ |
| प्रति शेयर आम्दानी (रु.) | (१०.३४) | (२४.०८) | १८.७० | २१.१७ | १६.३४ | १६.४९ | १९.३२ |
| संचित नाफा/नोक्सान (रु. हजारमा) | (२७,४४६) | (२२८,२७७) | (७२,६५५) | १०३,४५८ | ९२,२४१ | २६३,७२५ | ४६४,६५१ |
| नेटवर्थमा प्रतिफल (%) | (१०.६९) | (३३.१९) | २०.४९ | १८.८३ | १५.०१ | १३.१५ | १३.३५ |

*लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित २०८२ पौष मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण।

| | |
|---|---|
| विद्युत आयोजनाको नाम : **माथिल्लो सोलुखोला जलविद्युत आयोजना** | |
| आयोजनाको कुल अनुमानित लागत : रु.३,८५,५१,७५,०२७।२० [Interest during construction (IDC)] **सहित** | |
| प्रति मेगावाट अनुमानित लागत : **आयोजनाको प्रति मेगावाट लागत रु. १९,४७,०५,८०९।४५** | **विद्युत उत्पादन क्षमता : १९.८ मेगावाट** |
| साधारण लगानी फिर्ता हुने अवधि (PBP) **: ५.७८ वर्ष** | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted PBP) **: ८.१५ वर्ष** |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि : **अनुमतिपत्र बहाल रहने अवधि मिति २०७३/०५/१६ देखि २१०६/११/१६ सम्म रहेकोले २४ वर्ष बाँकी** | |

## क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम ९ख. र "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/११/०१ मा "[ICRANP-IR] BB+" प्रमाणपत्र प्राप्त गरेको छ। "[ICRANP-IR] BB+" ले Moderate risk of default regarding timely servicing of financial obligations जनाउँदछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँदछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ। सो रेटिङ्गको वैद्यता अवधि २०८३/१०/२९ रहने छ।

**रेटिङ्ग प्रदान गरेको मिति : २०८२/११/०१** **रेटिङ्ग बहाल रहने मिति : २०८३/१०/२९**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ फागुन १५ गतेको "अन्नपूर्ण पोष्ट" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.benihydro.com.np, नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nmbcl.com.np मा रहेको विवरणपत्र हेर्नुहुन अनुरोध गर्दछौं।

**स्वीकृत विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई कई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**NMB CAPITAL**
**एनएमबि क्यापिटल**

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार, काठमाडौं, नेपाल। फोन : ९७७-१-४५३७९६३
इमेलः info@nmbcl.com.np, वेबसाइटः www.nmbcl.com.np